# फिदिम नगरपालिकाको आर्थिक ऐनलाई संशोधन गर्न वनेको विधेयक २०७६

भाग १   खण्ड ३   संख्या ११

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७६।०५।२४ |
| प्रमाणिकरण भएको मिति | २०७६।०५।२५ |

## फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**फिदिमपाँचथर,**

**१ नंनेपाल,प्रदेश .**

## फिदिम नगरपालिकाको आर्थिक ऐनलाई संशोधन गर्न वनेको विधेयक २०७६

फिदिम नगरपालिकाको आर्थिक ऐन २०७६ लाई संशोधन गर्न वान्छनीय भएकाले फिदिम नगरपालिकाको विशेष नगरसभाले यो ऐन वनाएको छ।

१) यो ऐनको नाम :"आर्थिक ऐन (पहिलो संशोधन)२०७६" रहनेछ।

२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ।

३) ऐनको दफा १६ पछि देहाय अनुसारको दफा १६क थप गरिएको छ।

१६क नगरपालिकाले अनुसूची १८ मा तोके वमोजिम निकासी शुल्क लगाई असुल उपर गर्ने छ।"

४) ऐनको दफा १९ पछि देहायको प्रतिवन्धात्मक वाक्यौदा थप गर्ने तर आर्थिक वर्षको पहिलो तिन महिना भित्रमा वार्षिक कर अग्रीम रुपमा बुझाउने करदातालाई १० % छुट दिइनेछ।

५) ऐनको दफा (१९) पछि देहायको दफा १९(क) , १९ (ख) र १९ (ग)थप गरिएको छ।

"१९(क) होटलहरुको वर्गिकरण देहाय अनुसार हुनेछ।

**सामान्य होटल :** खाने पिउने चिज बस्तु पाउने बास बस्न नपाउने।

**'ग' श्रेणीको होटल लज :** खाने पिउने तथा वासको सुविधा भएको तर पार्किङ सुविधा नभएको।

**'ख' श्रेणीको होटल लज :** खाने पिउने तथा वासको सुविधा भएको तथा पार्किङको सुविधा समेत भएको।

**'क' श्रेणीको होटल लज :**खाने पिउने तथा वासको सुविधा भएको, पार्किङको सुविधा समेत भएको तथा तालिम सेमिनार गर्ने हल समेतको सुविधा भएको।"

":१९ (ख) ठेक्का वढावढबाट राजश्व उठाउदा नगर कार्यपालिकाले ठेक अंक कायम गर्नेछ। कार्यपालिकाको बैठक बस्नु अघि नै ठेक्का बन्दोबस्त गर्नु पर्ने भएमा प्रमुख स्तरीय निर्णयबाट ठेक अंक कायम गरि बोलपत्र अव्हान गर्न सकिनेछ तर यस्तो ठेक अंक बोलपत्र अव्हान गरेपछि बस्ने कार्यपालिकाको बैठकबाट अनुमोदन गर्नुपर्नेछ।"

"१९(ग) यस ऐनमा भएको कर व्यवस्था वाहेक कुनै संघीय कानून वा प्रदेश कानूनवाट नगरपालिकालाई थप कर अधिकारको क्षेत्र प्राप्त भएमा कार्यपालिकाको सर्व सम्ममत निर्णयले त्यस्तो कर लागउने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ। तर यसरी कार्यपालिकाले करारोपण गरेमा त्यसरी करारोपण गरेको ६ महिना भित्रमा नगरसभावाट अनुमोदन गराउनु पर्नेछ। यसरी अनुमोदन नभएमा त्यस्तो करारोपण गर्ने निर्णय तत्पश्चात कार्यान्वयन हुने छैन।"

६) अनुसुचि ५ को ३९ को (घ) पछाडी देहायको (ङ) थप गरिएको छ।

| **क्र.स.** | **विवरण** | **दर्ता** | **नविकरण** |
|---|---|---|---|
| ङ | गोलिया कारोबार | ५०००।०० | २५००।०० |

७) अनुसुचि ५ को '६८' छ पछाडी देहायको ६८(ज) थप गरिएको छ।

| **क्र.स.** | **विवरण** | **दर्ता** | **नविकरण** |
|---|---|---|---|
| ज | जडिवुटि व्यवसाय | २०००।०० | १०००।०० |

८) अनुसूची ५ को १०० को झिकि निम्नानुसारको १०० राखिएको छ।

| | | | |
|---|---|---|---|
| क | सिनेमाहल अनुमति | रु १०००।०० | |
| ख | सार्वजनिक स्थानमा सर्कस प्रदर्शन अनुमति | रु १५०० | |
| ग | मेला सन्चालन अनुमति | रु १५००।०० | |
| घ | केवलकार र्याफ्टिङ लगायत पर्यटन मनोरन्जन स्थल सन्चालन | १५००।०० | |

९) अनुसूची ९ खारेज गरी देहाय वमोजिमको “अनुसूची ९” राखिएको छ।
“ मनोरन्जन कर सम्वन्धि दररेट प्रदेश सरकारको आर्थिक ऐन २०७६ वमोजिम हुनेछ।"

१०) अनुसूची १५ पछि रहेको “अनुसूची १७” भन्ने शव्दहरु हटाई “ अनुसूची १८ “ भन्ने शिर्षकको राजस्व दरको “अनुसूची १७” भन्ने शव्दको सट्टा “अनुसूचि १६” भन्ने शव्दहरु राखिएका छन्।

११) देहाय अनुसारको अनुसूची १८ थप गरिएको छ।

अनुसुचि– १८

| **नगरपालिका क्षेत्रभित्र उत्पादन/उत्खनन् भई आ.व. २०७६/०७७ मा नगरपालिका क्षेत्रबाट अन्य स्थानीय तह र जिल्ला बाहिर निकासी हुने सामान वस्तुहरुको निकासी शुल्क** | | | |
|---|---|---|---|
| | | | |
| **सि.नं.** | **सामान/वस्तुको नाम** | **इकाई** | **२०७६/०७७ को प्रस्तावित दररेट** |
| १ | उन प्राकृतिक कृत्रिम | प्रति के.जी. | ०.१०( दस पैसा) |
| २ | खोटो | प्रति के.जी | ०.५० (पचास पैसा ) |
| ३ | वनकस खर वावियो मलहल पत्ता छवाली पराल | प्रति ट्रयाक्टर | रु. ३५।– (रु.पैतिस) |

| | | | |
|---|---|---|---|
| | निगालोको लोक्ता पटेर वगास | प्रति ट्रक | रु.१००।– (रु.एक सय) |
| ४ | अम्लिसो कुचो | प्रति के.जी. | रु १–(एक मात्र) |
| ५ | अम्लिसो डाँठे | प्रति ट्र्याक्टर | रु १२५/—(एकसय पच्चिस मात्र ) |
| | | प्रति ट्रक | रु २००/—(दुईसय मात्र) |
| ६ | वाँस | प्रति ट्रक | रु ३०० (तीन सय रुपैया मात्र) |
| ८ | खयर वोक्रा वाहेक | प्रति ट्रक | रु १५०० (एक हजार पाँच सयमात्र) |
| | खयर वोक्रा सहित | प्रति ट्रक | रु.१००० (एक हजार मात्र) |
| ९ | अन्य काठ,गोलिय,चिरान चट्टा,(गोलिया,फेन्टा चिरान) | प्रति ट्र्याक्टर | रु ३००/– (तिनसय मात्र) |
| | | प्रति ट्रक | रु ६००/– (छ सय मात्र) |
| | | प्रति क्युफिट | रु ३/– (रुपैया तिन मात्र) |
| | | प्रति क्युफिट | रु ३/– (रुपैया तिन मात्र) |
| १० | सालको वियाँ | प्रति के.जी. | रु.१।– (रु. एक मात्र) |
| ११ | पत्थर कोईला | प्रति के.जी. | –/१० (दश पैसा) |
| १२ | कदम दाना | प्रति के.जी. | रु १/—(एक रुपैयाँ मात्र) |
| १३ | नागवेली, | प्रति के.जी. | रु. १०(दश रुपैयाँ मात्रा) |
| १४ | सल्लाको सिम्टा | प्रति के.जी. | १० (दश पैसा) |
| १५ | लोट सल्ला | प्रति के.जी. | रु २।—(दुइ रुपैया मात्र) |
| १६ | जडिबुटि अन्य | प्रति के.जी. | रु.१.५० (एक रुपैयाँ पचास पैसा) |
| १७ | ढुंगा/रुखको झ्याउँ | प्रति के.जी. | रु.३।– (रु.तीन मात्र) |
| १८ | चिराईतो | प्रति के.जी. | रु २ ( दुई रुपैया ) |
| १९ | पिना | प्रति के.जी. | ०.२५ (पच्चीस पैसा) |
| २० | भुस | प्रति के.जी. | ०.१५ (पन्ध्र पैसा) |
| २१ | सिन्कौली (तेजपत्ता),लेमन ग्रास | प्रति के.जी. | ०.५० (पचास पैसा) |
| २२ | लप्सी तथा वियाँ | प्रति के.जी. | ०.१५ (पन्ध्र पैसा) |
| २३ | भेनियर पत्ती | फुलवडी ट्रक | ६००/– (रु छसय मात्र) |
| २४ | टिमुर | प्रति के.जी. | १/—(रु एक मात्र) |
| २५ | मजिटो | प्रति के.जी. | ५/– (रु पाँच मात्र) |
| २६ | वुकिफुल | प्रति के.जी. | ३/– (रु तीन मात्र) |
| २७ | विखमा,कुटकी,जटामसि | प्रति के.जी. | ५/– (रु पाँच मात्र) |
| २८ | सिलाजित | प्रति के.जी. | १०/– ( दश रुपैयाँ मात्र) |
| २९ | चुथ्रो | प्रति के.जी. | २.०० ( दुई रुपैयाँ मात्र) |
| ३० | नेपाली कागज | प्रति के. जी | ५/— (पाँच रुपैयाँ मात्रं) |
| ३१ | अर्गेलीको लोक्ता, कागतेको लोक्ता | प्रति के.जी. | २ ( दुई रुपैया ) |
| ३२ | दाउरा | प्रति ट्र्याक्टर | १००/–(रु एक सय मात्र) |

| | | | |
|---|---|---|---|
| | | प्रति ट्रक | २००/–(रु दुई सय मात्र) |
| ३३ | रिठो,अमला,हर्रो,बर्रो, | प्रति के.जी. | २।—(दुई रुपैयाँ) |
| ३४ | एलोभेरा (घिउकुमारी ) | प्रति के.जी. | २/— ( दुइ रुपैयाँ मात्रं) |
| ३५ | रुद्राक्ष | प्रति के.जी. | १।–(एक रुपैयाँ मात्र) |
| ३६ | वेल | प्रति के.जी. | २/— (दुई  रुपैयाँ मात्रं) |
| ३७ | वोझो | प्रति के.जी. | २/— ( दुई रुपैयाँ मात्रं) |
| ३८ | प्रचलित कानुनले निषेध गरे बाहेकका मरेका वा मारिएका पशुहरुको | | |
| क | पंछीको प्वाख | प्रति के.जी. | ५।– ( पाँच रुपैयाँ मात्र) |
| ख | सिंग | प्रति के.जी. | ५।– ( पाँच रुपैयाँ मात्र) |
| ग | खुर | प्रति के.जी. | ५।– ( पाँच रुपैयाँ मात्र) |
| घ | छाला | प्रति के.जी | ३०।– (तीस रुपैयाँ मात्र) |
| ३९ | ढुंगा | प्रति घन मिटर | २५ ।– (पचिस रुपैयाँ मात्र) |
| ४० | वालुवा | प्रति घन मिटर | ३० – (तीस रुपैयाँ मात्र) |
| ४१ | गिट्टी | प्रति घन मिटर | ३०।– (तीस रुपैयाँ मात्र) |
| ४२ | ग्रावल | प्रति घन मिटर | ३०।– (तीस रुपैयाँ मात्र) |
| ४३ | इटा | प्रति ट्रयाक्टर | १००।– (एकसय रुपैयाँ मात्र) |
| ४४ | चिया | प्रति केजि | ०.२५।– (पच्चिस पैसा) |